आज मिति २०७७।०२।३० गते प्रमुख जिल्ला अधिकारी श्री यज्ञराज वोहराज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा वसेको जिल्ला संकट व्यवस्थापन केन्द्र कैलालीको वैठक वसी देहाय वमोजिम गर्ने निर्णय गरियो।

उपस्थिति

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी | श्री यज्ञराज वोहरा |
| मेडिकल सुपरिटेण्डेण्ट | डा. हेमराज पाण्डे |
| प्रमुख सेनानी | श्री विकास के.सी. |
| प्रहरी उपरीक्षक | श्री अनुपम शमशेर जवरा |
| सशस्त्र प्रहरी उपरीक्षक | श्री कमल प्रसाद तिउसिना |
| उप-अनुसन्धान निर्देशक | श्री विकास पाण्डे |
| प्रशासकीय अधिकृत | श्री शिवराज जोशी |

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. मं.बै./३२१/६५०९, मिति २०७७/०२/२८ गतेको पत्रमार्फत प्राप्त कोभिड-१९ सम्बन्धी मं.प.बै.सं. १६/०७७, मिति २०७७/०२/२८ को मन्त्रिपरिषद्को बैठकले गरेको निर्णयहरु देहाय बमोजिम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो।

"विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ को संक्रमण सम्बन्धमा संक्रामक रोग ऐन, २०२० को दफा २ अनुसार देहायबमोजिम गर्ने गराउनेः

१. देहायबमोजिमका सेवा र कार्यहरु हाललाई सञ्चालन नगर्नेः-

| सि.नं. | क्रियाकलाप | कैफियत |
|---|---|---|
| क | शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र), | हाललाई सञ्चालन नगर्ने |
| ख | अनुमतिप्राप्त बाहेकका अन्तर्राष्ट्रिय तथा आन्तरिक उडानहरु | हाललाई सञ्चालन नगर्ने |
| ग | नेपाल-भारत त्रिनगर सीमा नाकाबाट हुने आवतजावत | हाललाई सञ्चालन नगर्ने |
| घ | सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार | हाललाई सञ्चालन नगर्ने |

| सि.नं. | क्रियाकलाप | कैफियत |
|---|---|---|
| ङ | सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन | हाललाई सञ्चालन नगर्ने |
| च | सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल | हाललाई सञ्चालन नगर्ने |
| छ | सार्वजनिक पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना | हाललाई सञ्चालन नगर्ने |
| ज | स्पा, सैलुन तथा ब्युटी पार्लर | हाललाई सञ्चालन नगर्ने |
| झ | स्विमिङ पुल, जिमखानालगायत हेल्थ क्लब | हाललाई सञ्चालन नगर्ने |
| ञ | सपिङ मल | हाललाई सञ्चालन नगर्ने |
| ट | समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति, | हाललाई सञ्चालन नगर्ने |
| ठ | सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल | हाललाई सञ्चालन नगर्ने |
| ड | यात्रुबाहक सार्वजनिक सवारी साधन (पर्यटक सवारी साधनसमेत) | हाललाई सञ्चालन नगर्ने |
| ढ | जिल्लाभित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने निजी सवारी साधन बाहेक अन्य निजी सवारी साधन | हाललाई सञ्चालन नगर्ने |

२. दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्नेलगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी देहायबमो जिमका सेवा र कार्यहरु सञ्चालन गर्ने

| | | |
|---|---|---|
| क | स्वास्थ्यसँग सम्बन्धित सबै सेवा (निजी क्लिनिकसमेत) | तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने |
| ख | सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय (उत्पादनदेखि विक्री वितरणसम्मका सबै श्रृङ्खला), | तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने |
| ग | उद्योग, व्यापार, व्यवसाय, पसल, डिपार्टमेन्ट स्टोर | तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने |
| घ | सबै प्रकारका ढुवानी | तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने |
| ङ | पैदल आवागमन | तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने |
| च | साइकल र मोटरसाइकल (चालक मात्र रहने गरी) | तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने |
| छ | जिल्ला भित्र सञ्चालन हुने निजी सवारी साधनहरुका हकमा चालक बाहेक थप २ जनासम्म मात्र सवार हुने गरी जोर बिजोर प्रणालीमा सञ्चालन गर्ने (जोड गते जोड नं. को सवारी साधनको र विजोड गते विजोड नं.को सवारी साधन) | तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने |
| ज | फोहोर मैला व्यवस्थापन | तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने |

| | | |
|---|---|---|
| झ | विद्युत, दमकल, एम्बुलेन्स, सञ्चार तथा प्रसारण, हुलाकसम्बन्धी सेवा | तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने |
| ञ | बैंक तथा वित्तीय संस्था, सहकारी र बीमा सेवा | २०७७ असार १ गतेदेखि |
| ट | नर्सरी र वनजन्य उद्यम | तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने |
| ठ | विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्द्धितसमेत) | तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने |
| ड | निर्माण कार्य (निजीसमेत), | तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने |
| ढ | नदी तथा खानीजन्य पदार्थ उत्खनन, सङ्कलन, ढुवानी र बिक्रीवितरण | तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने |
| ण | रेष्टुरेण्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा | तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने |
| त | क्वारेन्टिनका लागि तोकिएका होटल र यातायातका साधन | तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने |
| थ | सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैंक तथा वित्तीय संस्थाहरु (बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दिउँसो १ बजेदेखि साँझ ६ बजेसम्म दुई सिफ्टमा सञ्चालन गर्ने) | २०७७ असार १ गतेदेखि |
| द | सार्वजनिक तथा जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सेवाप्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन (सीटको एक लहरमा एक जना यात्रु मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने) | २०७७ असार १ गतेदेखि |

उपर्युक्त सेवा तथा कार्य सञ्चालन गर्दा सम्बन्धित मन्त्रालयले जनस्वास्थ्य र सुरक्षा मापदण्डका आधारमा आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयहरुको सम्बन्धमा आवश्यक प्रोटोकल जारी भए अनुसार हुनेछ । परिस्थितिको समीक्षा एवं संक्रमणको जोखिम विश्लेषणका आधारमा उल्लिखित व्यवस्थामा आवश्यक हेरफेर एवं थपघट गर्न सकिनेछ । उपरोक्त अनुसारको गतिविधिहरु स्वास्थ्य सुरक्षाको मापदण्ड र सामाजिक दुरी कायम गरी/गराई सञ्चालन भए नभएको वारेमा यस समितिका पदाधिकारी र समितिले तोकेका पदाधिकारीहरुबाट नियमित रुपमा अनुगमन गर्ने ।